annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १४३, पृष्ठ ८ | काठमाडौं, आइतबार ४ असोज २०८३ | SUNDAY, SEPTEMBER 20, 2026 | मूल्य : रु. १०

सोसल मिडियामा उपहार र चिट्ठाको लोभ

दिनप्रतिदिन फस्दै प्रयोगकर्ता

फेसबुक/म्यासेन्जर, टिकटक, ह्वाट्सएप, टेलिग्राम, इन्स्टाग्राम, भाइबरलगायत सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै साइबर स्क्याम, ठगी, गैरकानुनी गतिविधि पनि बढ्दै गएका छन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका अनुसार ५ वर्षमा मात्रै साइबर ठगीसम्बन्धी ७२ हजार बढी उजुरी परेका छन्।

भवनाथ प्याकुरेल | *काठमाडौं*



समाचार पृष्ठ १

रंग र संगीतसँगै एसियाडको औपचारिक सुरुवात

चन्द्र-मानमतीको हातमा नेपालको झन्डा

विष्णु थापा | *नागोया (जापान)*

एसियाको सबैभन्दा ठूलो बहुराष्ट्रिय खेलकुद महोत्सव २०औं एसियाली खेलकुद (एसियाड) शनिबार जापानको आइची-नागोयामा भव्य उद्घाटनसँगै औपचारिक रूपमा सुरु भएको छ।

जापानको नागोया सहरस्थित नागोया सिटी मिजुहो पार्क एथलेटिक स्टेडियम (पालोमा मिजुहो स्टेडियम) मा आयोजित उद्घाटन समारोहमा एसियाका ४५ राष्ट्र तथा एक शरणार्थी टोलीका खेलाडीले मार्चपास गरेका थिए। जापानका सम्राट नारुहितोले २०औं एसियाली खेलकुद औपचारिक रूपमा उद्घाटन भएको घोषणा गरेका थिए। समारोहमा सम्राज्ञी मासाको, जापानी शाही परिवारका सदस्य, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीकी अध्यक्ष कर्स्टी कोभेन्ट्री तथा ओलम्पिक काउन्सिल अफ एसियाका अध्यक्ष शेख जोआन बिन हमाद अल थानीलगायत विशिष्ट व्यक्तित्वको उपस्थिति थियो।

जापानले ३२ वर्षपछि एसियाली खेलकुद आयोजना गरेको हो। यसअघि जापानले सन् १९५८ मा टोकियो र १९९४ मा हिरोसिमामा एसियाड आयोजना गरेको थियो। त्यसैले आइची-नागोया जापानमा आयोजना भएको तेस्रो एसियाली खेलकुद हो।

'हार्मोनिक हार्ट बिट'को धड्कन

उद्घाटन समारोहको मुख्य विषय 'हार्मोनी हर्ट बिट' अर्थात् 'सामञ्जस्यपूर्ण मुटुको धड्कन' थियो। समारोहले एसियाका विभिन्न मुलुक, संस्कृति र समुदायलाई खेलकुदको साझा भावनाले जोड्ने सन्देश दिएको थियो।

उद्घाटन समारोहका निर्देशक नागोयाकै जन्मस्थल भएका चलचित्र निर्देशक युकिहिको सुत्सुमी थिए। उनले खेलाडी, दर्शक र एसियाली समाजबीचको सम्बन्धलाई एउटै लयमा जोड्ने अवधारणामा कार्यक्रम तयार गरेका थिए। मुख्य मञ्चलाई ठूलो मुटुको आकार दिइएको थियो, जसले एसियाली खेलकुदमा सहभागी खेलाडीबीचको एकता र साझा भावनालाई समेटेको थियो।

जापानी राष्ट्रिय गानबाट सुरु भएको समारोहमा राष्ट्रिय झन्डा फहराइएपछि खेलाडीको मार्चपास सुरु भएको थियो। त्यसपछि जापानी संस्कृति झल्काउने सांगीतिक तथा सांस्कृतिक प्रस्तुति, आधुनिक प्रविधिको प्रयोग, प्रकाश प्रदर्शन र विभिन्न मनोरञ्जनात्मक कार्यक्रमले समारोहलाई जीवन्त बनाएको थियो। जापानी संगीतकार तारो हाकासेको प्रस्तुति पनि समारोहको आकर्षण बनेको थियो। आकाशमा जापानको आत्मरक्षा बलको प्रसिद्ध ब्लु इम्पल्स एरोबेटिक टोलीको हवाई प्रदर्शन पनि उद्घाटन कार्यक्रमको विशेष आकर्षण थियो।

४५ देशको मार्चपास

उद्घाटन समारोहको सबैभन्दा प्रतीक्षित क्षण खेलाडीको मार्चपास थियो। अंग्रेजी वर्णानुक्रमअनुसार विभिन्न देशका टोली स्टेडियममा प्रवेश गरेका थिए। अफगानिस्तानबाट सुरु भएको मार्चपासमा चीनसहित एसियाका प्रमुख खेल शक्तिहरूको ठूलो टोली देखिएको थियो। ४५ राष्ट्र तथा शरणार्थी टोलीका खेलाडीले आफ्नो देशको झन्डासहित मार्चपास गरेका थिए। यसपटकको एसियाडमा ४३ खेलअन्तर्गत ४ सय ६९ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुँदैछ। प्रतियोगिता अक्टोबर ४ सम्म सञ्चालन हुनेछ। करिब ११ हजार खेलाडीको सहभागिता रहेको यस संस्करणमा केही खेल उद्घाटन समारोहअघि नै सुरु भइसकेको छ।

नेपालको झन्डा चन्द्र र मानमतीको हातमा

उद्घाटन समारोहमा नेपालको प्रस्तुति पनि आकर्षणको केन्द्र बनेको थियो। बक्सिङका चन्द्रबहादुर थापा मगर र महिला कबड्डी टोलीकी कप्तान मानमती विष्टले नेपालको राष्ट्रिय झन्डा बोकेर नेपाली टोलीको नेतृत्व गर्दै मार्चपास गरेका थिए।

चन्द्रबहादुरका लागि यो जिम्मेवारी उनको पछिल्लो अन्तर्राष्ट्रिय सफलताको सम्मान पनि थियो। उनले गत वर्ष दुबईमा भएको विश्व बक्सिङ च्याम्पियनसिपमा ऐतिहासिक कांस्य पदक जितेका थिए। एसियाडमा पनि उनी नेपालका पदक सम्भावना बोकेका खेलाडीमध्ये एक हुन्।

» बाँकी पृष्ठ ६

खुला प्रतिस्पर्धाको दाबी, एनजीओ पृष्ठभूमि हाबी

४४ सय आवेदनदेखि १३ प्रस्तावित राजदूतसम्म

राधा खनाल | *काठमाडौं*

सरकारले पहिलोपटक खुला प्रतिस्पर्धाबाट राजदूत छनोट गर्ने घोषणा गर्दै १३ मुलुकका लागि आवेदन आह्वान गर्दा ४४ सयभन्दा बढी आवेदन परे। दोहोरिएका र अपूर्ण आवेदन हटाएपछि करिब २ हजार ७ सय उम्मेदवार छनोट गरिएको विवरण परराष्ट्र मन्त्रालयले दिएको थियो। खुला प्रतिस्पर्धाबाट योग्य व्यक्ति छनोट गर्ने सरकारको निर्णयले राजदूत नियुक्ति प्रक्रियामा नयाँ अभ्यास सुरु हुने अपेक्षा गरिएको थियो। तर, मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले संसदीय सुनुवाइका लागि प्रस्ताव गरेका १३ राजदूतको पृष्ठभूमि भने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थामा काम गरेको देखिन्छ।

परराष्ट्र मन्त्रालयले आवेदन आह्वान गर्दा आवेदकसँग अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति, राजनीति, कानुन, अर्थशास्त्र, सार्वजनिक प्रशासन वा सम्बन्धित क्षेत्रमा योग्यता तथा अनुभव मागेको थियो। सरकारी, कूटनीतिक, निजी, गैरसरकारी वा सार्वजनिक संस्थामा नेतृत्वदायी अनुभवलाई पनि योग्यताका रूपमा समेटिएको थियो। तर, विदेशी सहायता प्राप्त गैरसरकारी संस्थामा हाल कार्यरत व्यक्ति भने आवेदनका लागि अयोग्य हुने व्यवस्था गरिएको थियो।

» बाँकी पृष्ठ ६

एकैदिन २ सय विस्थापितले छाडे सरकारी होल्डिङ सेन्टर

देवचन्द्र भट्ट | *नुवाकोट*

भोटेकोशी बाढीबाट विस्थापित भई नुवाकोटका विभिन्न होल्डिङ सेन्टरमा आश्रय लिइरहेका प्रभावितहरू दैनिक रूपमा घट्न थालेका छन्। बाढीपछि पीडितहरूका लागि नुवाकोटका विभिन्न स्थानमा कायम गरिएका १३ वटा आश्रित केन्द्रमा असोज १ गतेसम्म ८ सय ३२ जना आश्रित थिए। तर, एकैदिनमा २ सय २१ जना घटेर असोज २ गते आश्रितको संख्या ६ सय ११ मा सीमित भएको छ।

'भदौ ३१ गतेसम्म आश्रित केन्द्रमा १ हजार १ सय ८५ जना रहेका थिए,' जिल्ला प्रशासन कार्यालय नुवाकोटले भनेको छ, 'सुरुआतमा २६ वटा आश्रित केन्द्र सञ्चालनमा ल्याइएकोमा हाल घटाएर १३ वटामा सीमित गरिएको छ।' हाल बसोबास गरिरहेका ६ सय ११ जनामध्ये ३ सय २ जना महिला छन्।

नुवाकोटका आश्रित केन्द्रहरूमा नुवाकोट र रसुवाका बाढीपीडितहरूले आश्रय लिइरहेका थिए। हाल सबैभन्दा बढी बट्टार कभर्ड हलमा १ सय ६७ जना र सबैभन्दा कम महादेव क्याम्पस रातमाटेमा ८ जना आश्रित छन्। यसैगरी सुलक्षणा माविमा ९४ जना, चण्डी आधारभूत विद्यालय मैरीटारमा ८२ जना र विदुर-७ तुप्चेको केन्द्रमा ७० जना बसोबास गरिरहेका छन्।

आश्रित केन्द्र खाली हुँदै जानुमा कतिपय बाढी प्रभावितहरू सहरी क्षेत्र तथा काठमाडौंलगायतका स्थानमा कोठा भाडामा लिएर सरेको, कतिपय स्थानमा विद्यालय पुन: सञ्चालन हुनुपरेको र कतिपय प्रभावितहरू आफन्त, नातेदार तथा छिमेकीकोमा सरेको जिल्ला प्रशासन कार्यालय नुवाकोटले जनाएको छ। राहत तथा उद्धारको काम सम्पन्न भएसँगै सरकारले अब यातायात सञ्चालन र पुनर्मार्ग निर्माण तथा पुन:स्थापनाको कार्य अघि बढाएको छ।

विदुरस्थित किरियापुत्री भवनमा कायम गरिएको आश्रित केन्द्र पूर्णरूपमा खाली भएको छ। त्यहाँ नुवाकोटको बेत्रावतीस्थित सातबिसे र रसुवाको खाल्टेका ३७ घरपरिवार बसिरहेकोमा उनीहरू अन्यत्र सरेको स्वयंसेवक रमेश श्रेष्ठले बताए। उनीहरूले पीपलटारमा तीन रोपनी जग्गा भेट्टाएपछि दुई वर्षका लागि उतै सरेका हुन्। नयाँ स्थानमा सहयोगी संस्थाले उपलब्ध गराएको टेन्ट तथा त्रिपाल टाँगिएका छन्।

बाढीपीडित कोपिला लामा तामाङ सामूहिक निर्णयमा सरेको बताउँछिन्। भन्छिन्, 'एकै ठाउँमा साँगुरिएर बस्दा गर्मीमा समस्या भयो। जग्गा पनि फेला परेपछि सामूहिक निर्णय गरेर सरेका हौं।' अर्की पीडित कान्छीमाया तामाङ भन्छिन्, 'एकै ठाउँमा धेरै जना बस्दा रोगव्याधिको पनि डर भयो। अरूले जग्गा फेला पारेर टेन्टमा बस्ने निर्णय गरेपछि मैले पनि सहमति जनाएकी हुँ।'

विदुर नगरपालिका-५ पीपलटार लामिबगैंचास्थित चन्द्रज्योति माविमा बसेका देवीघाटका ४० घरपरिवार नजिकैको चौरमा टेन्ट हालेर सरेका छन्। कतिपय भने माथि पीपलटारफाँट, माझीटार, बट्टार तथा काठमाडौंमा कोठा लिएर सरेको विद्यालयका प्रधानाध्यापक वासुदेव पनेरुले बताए। विद्यालय नजिकैको चौरमा हाल २५ वटा टेन्ट हालिएको छ।

देवीघाटका बाढीपीडित नवीन चित्रकार भने बाढीले क्षति पुऱ्याएको घर सफा गर्न तल्लीन छन्। 'अहिले आफन्तको घरमा बसेको छु, घर सरसफाइ गरेर फेरि बस्न योग्य बनाउन सकिन्छ कि भनेर लागेको छु,' उनले भने।

» बाँकी पृष्ठ ६